धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष

National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ६ ◆ २०८३ साउन ६ गते बुधबार, Wednesday, July 22, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## भुलभुले पहिरोले चार परिवार विस्थापित

धादिङबेशी । लगातारको वर्षापछि नीलकण्ठ नगरपालिका-२ स्थित भुलभुले क्षेत्रमा गएको पहिरोले चार परिवार विस्थापित भएका छन् । पहिरोले धादिङबेसीमा खानेपानी आपूर्ति गर्ने मुख्य पाइपलाइन बगाउँदा सदरमुकामका करिब २ हजार ५ सय घरधुरीमा खानेपानी वितरण पूर्ण रूपमा अवरुद्ध भएको छ ।

पँधेरो खोल्चा डाँडा क्षेत्र चिरिएर बग्न थालेपछि स्थानीय बस्ती उच्च जोखिममा परेको हो । पहिरोले दिलबहादुर गुरुङको घर पूर्ण रूपमा पुरेको छ भने गोविन्द श्रेष्ठ, हिराबहादुर श्रेष्ठ र अमृत गुरुङका घर चर्किएर बस्न नमिल्ने अवस्थामा पुगेका छन् ।

पहिरोबाट गाउँको करिब २ सय रोपनी खेतीयोग्य जमिनसमेत प्रभावित भएको छ । पँधेरो धाराको डाँडामा रहेको मुख्य पाइपलाइन पहिरोले बगाएपछि धादिङबेसी बजार क्षेत्रमा खानेपानीको गम्भीर समस्या हुने देखिएको छ ।

प्रदेश सरकार र नीलकण्ठ नगरपालिकाको साझेदारीमा निर्माण गरिएको करिब ६ सय घनमिटर क्षमताको तारजाली संरक्षण संरचना पनि पहिरोले बगाएको छ । उक्त संरचनामा प्रदेश सरकारको करिब ६५ लाख रुपैयाँ लगानी रहेको जनाइएको छ । स्थानीय भरतबहादुर गुरुङका अनुसार भुलभुलेको माथिल्लो भागसँगै नेवार खोल्चा क्षेत्रबाट पनि पहिरो खसिरहेको छ । दुई गाउँबीचका थप घर जोखिममा रहेकाले तत्काल संरक्षण र सुरक्षित स्थानान्तरण आवश्यक रहेको उहाँले बताउनुभयो ।

प्रभावित क्षेत्रको नगर प्रमुख भीमप्रसाद ढुंगाना, उपप्रमुख दीपक विश्वकर्मा, जिल्ला प्रहरी कार्यालय, नीलकण्ठ खानेपानी तथा सरसफाइ व्यवस्थापन बोर्डका अध्यक्ष शिव अधिकारीलगायतको टोलीले स्थलगत अवलोकन गरेको छ ।

नगर प्रमुख ढुंगानाले नागरिकको जीउधन रक्षा, खानेपानी सेवा पुनः सञ्चालन र दीर्घकालीन पहिरो नियन्त्रणका लागि प्रदेश तथा संघ सरकार र दातृ निकायसँग समन्वय गरी काम गरिने बताउनुभयो । स्थानीयवासीले तत्काल राहत, स्थानान्तरण र स्थायी संरक्षणको माग गरेका छन् ।

## शिक्षा सुधारमा निजी क्षेत्रको सहकार्य अपरिहार्य : शिक्षामन्त्री पोखरेल

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले शिक्षा क्षेत्रको नीतिगत तथा संरचनागत सुधारका लागि निजी क्षेत्रसँगको सहकार्यलाई थप सुदृढ बनाइने बताउनुभएको छ ।

मङ्गलबार सिंहदरबारस्थित शिक्षा तथा खेलकुद मन्त्रालयमा राष्ट्रिय निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (एन-प्याब्सन), निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन), उच्च शिक्षालय तथा माध्यमिक विद्यालय सङ्घ (हिसान), एसोसिएसन अफ प्रि-स्कुल एजुकेटर्स नेपाल (एपिइएन)लगायत निजी विद्यालयसँग सम्बन्धित विभिन्न संघ-संस्थाका पदाधिकारी तथा प्रतिनिधिसँग भएको छलफलमा मन्त्री पोखरेलले यस्तो धारणा व्यक्त गर्नुभएको हो । छलफलमा विद्यालय शिक्षाको वर्तमान अवस्था, निजी विद्यालयले भोगिरहेका चुनौती, गुणस्तरीय शिक्षा प्रवर्द्धन, नीतिगत सुधार, विद्यालय शिक्षा ऐन तथा शिक्षा क्षेत्रसँग सम्बन्धित समसामयिक विषयमा विस्तृत कुराकानी भएको थियो । मन्त्री पोखरेलले शिक्षा क्षेत्रको नीतिगत र संरचनागत सुधारलाई सरकारले प्राथमिकतामा राखेको उल्लेख गर्दै नीति निर्माण तथा निर्णय प्रक्रियामा निजी क्षेत्रका सरोकारवालाको सहभागिता सुनिश्चित गरिने बताउनुभयो । सरकार र निजी क्षेत्रबीच समन्वय तथा सहकार्यलाई अझ प्रभावकारी बनाउँदै शिक्षा सुधारका कार्यक्रम अघि बढाइने उहाँको भनाइ थियो ।

"हामी निजी क्षेत्रसँग सहकार्य गरेर अघि बढ्न सकारात्मक छौं । सरकारका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निजी क्षेत्रको पनि महत्वपूर्ण भूमिका रहनेछ," मन्त्री पोखरेलले भन्नुभयो । उहाँले विद्यालय शिक्षा ऐनलाई दीगो, व्यवहारिक र दीर्घकालीन बनाउने उद्देश्यका साथ निजी क्षेत्रसँग निरन्तर परामर्श र सहकार्य गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । साथै शिक्षा र स्वास्थ्य क्षेत्रमा प्रस्ताव गरिएको ३ प्रतिशत समता शुल्क हटाउने विषयमा आफूले सुरुदेखि नै पहल गरेको उल्लेख गर्दै सरकारको पछिल्लो निर्णयले शिक्षा क्षेत्रलाई राहत पुगेको बताउनुभयो ।

मन्त्री पोखरेलले छात्रवृत्ति वितरण प्रणालीलाई थप व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यक सुधारका काम अघि बढाइरहेको जानकारी पनि दिनुभयो ।

शिक्षा मन्त्रालयका सल्लाहकार शैलेन्द्र झाले शिक्षा क्षेत्रको नीति, योजना र कार्यान्वयनमा निजी क्षेत्रसँग सहकार्य गर्दै अघि बढ्ने सरकारको प्रतिबद्धता दोहोर्याउनुभयो । उहाँले विद्यालय शिक्षा ऐन शीघ्र ल्याउन आवश्यक रहेको उल्लेख गर्दै त्यसका लागि निजी क्षेत्रको रचनात्मक सहयोग आवश्यक पर्ने बताउनुभयो ।

छलफलमा सहभागी निजी विद्यालयका प्रतिनिधिहरूले शिक्षा क्षेत्रका नीतिगत विषयमा सरकारसँग प्रत्यक्ष संवाद गर्ने अवसर मिलेकोमा खुशी व्यक्त गर्दै यस्ता छलफललाई नियमित बनाउन आग्रह गरे । उनीहरूले शिक्षा र स्वास्थ्य क्षेत्रमा प्रस्ताव गरिएको ३ प्रतिशत समता शुल्क हटाउने सरकारको निर्णयको स्वागत गर्दै शिक्षा क्षेत्रको सुधारका लागि सरकारसँग सहकार्य गर्ने प्रतिबद्धता जनाएका थिए ।

## नेपाल नामिबियासँग पराजित

काठमाडौं । आइसिसी विश्वकप क्रिकेट लिग २ अन्तर्गत आठौं त्रिकोणात्मक शृङ्खलामा नेपाल नामिबियासँग पराजित भएको छ ।

नेदरल्यान्ड्सको युट्रेच्टमा मंगलबार भएको खेलमा नेपाल नामिबियासँग आठ विकेटले पराजित भएको हो । नेपालले प्रस्तुत गरेको १५८ रनको सामान्य लक्ष्य पछ्याएको नामिबियाले ३७ दशमलव चार ओभरमा दुई विकेट गुमाएर पुरा गर्यो ।

नामिबियाको जितमा जान फ्राइलिन्कले सर्वाधिक ७८ रनको योगदान दिए । उनले ८९ बलमा आठ चौका र एक छक्कासहित सर्वाधिक ७८ रनको दिएका हुन । त्यस्तै, ओपनर माइकल भान लिङ्गेनले ५१ रन बनाए । उनले ७९ बलमा चार चौकासहित ५१ रन बनाएका हुन । निकोल लोफ्टी इटन १७ रनमा अविजित रहे ।

बलिङतर्फ नेपालका नन्दन यादव र रोहित पौडेलले समान एक-एक विकेट लिए । त्यसअघि टस हारेर पहिला ब्याटिङ गरेको नेपालले ४६.५ ओभरमा सबै विकेट गुमाउँदै १५७ रनको योगफल बनाएको थियो ।

नेपालका लागि कप्तान रोहित पौडेलले ६० बलमा सर्वाधिक ३१ रनको योगदान दिएका थिए । त्यस्तै, उप-कप्तान दीपेन्द्रसिंह ऐरिले ३० रनको बनाउँदा गुल्सन झाले २० रन जोडे । त्यसैगरी, करण केसीले १८, आसिफ शेखले १६ तथा सोमपाल कामीले १५ रन बनाए ।

नामिबियाका लागि जेजे स्मिथले सर्वाधिक ६ विकेट लिए भने ज्याक ब्रासेल र बर्नाड शोल्ट्जले समान दुई-दुई विकेट लिए । अब नेपालले यही साउन ७ गते नेदरल्यान्ड्ससँग खेल्नेछ ।

## उच्च अदालत सुर्खेत : जबरजस्तीकरणीका मुद्दाको संख्या उच्च

❑ *प्रत्यूष समाचारदाता*

कर्णाली । उच्च अदालत सुर्खेतले जबरजस्तीकरणीका मुद्दाहरू बढ्दै गएको तथ्याङ्क सार्वजनिक गरेको छ ।

उच्च अदालत सुर्खेत तथा मातहतका जिल्ला अदालतको आर्थिक वर्ष २०८२/८३ मा भए गरेका काम कारबाहीको वार्षिक प्रगति विवरण मंगलबार वीरेन्द्रनगरमा सार्वजनिक गर्दै उक्त अदालतले जबरजस्ती-करणीका मुद्दाको सङ्ख्या सबैभन्दा बढी रहेको बताएको हो । अदालतका मुख्य न्यायाधीश हरिप्रसाद भण्डारीले आव २०८२/८३ मा कूल ९१५ मध्ये १६९ (१८ दशमलव ४६ प्रतिशत) मुद्दा जबरजस्ती-करणीका रहेको जानकारी दिनुभयो । लागुऔषधका १२०, रिट ७९, ज्यान मार्ने उद्योग ७७, कर्तव्य ज्यान ६२, सवारी ज्यान ३५, जबरजस्ती-करणी उद्योग २६, अंशवण्डा २५ र अन्य प्रकृतिका देवानी तथा फौजदारी मुद्दा ३२२ रहेको उहाँले बताउनुभयो ।

यसरी जबरजस्तीकरणीका मुद्दा बढ्नुमा विकसित सामाजिक परिवेश र त्यसले पारेको नकारात्मक प्रभाव नै रहेको बताउँदै मुख्य न्यायाधीश भण्डारीले कूल मुद्दामा ७५५ फछ्र्योट र १६० बाँकी रहेको जनाउनुभयो ।


उहाँका अनुसार तीन आर्थिक वर्षमा मुद्दाको लगत तुलना गर्दा पछिल्लो समयमा वृद्धि हुँदै गएको छ । आव २०८०/८१, २०८१/८२ र २०८२/८३ सम्मको तीन वर्षको अवधिमा जाजरकोट जिल्ला अदालतमा क्रमशः ३४२, ४११, ४१९, दैलेख जिल्ला अदालतमा ४६२, ५३३ र ५४४, रुकुमपश्चिम जिल्ला अदालतमा ६२०, ६७९ र ७८१, सल्यान जिल्ला अदालतमा ७२४, ७३१ र ८०९, सुर्खेत जिल्ला अदालतमा दुई अजार ७१६, दुई हजार ९१२ र तीन हजार १४६ मुद्दा सङ्ख्या रहेको छ ।

उच्च अदालत सुर्खेतमा भने २०८०/८१ मा ९१६, ०८१/०८२ मा ८३२ र ०८२/०८३ मा ९१५ मुद्दा सङ्ख्या रहेको छ । आव २०८२/८३ को कार्य प्रगतिलाई हेर्दा उच्च अदालत सुर्खेतले ८२ दशमलव ५, जाजरकोटले ८९ दशमलव ४, दैलेखले ७९ दशमलव ८, रुकुमपश्चिमले ७१ दशमलव २, सल्यानले ७३ दशमलव ४ र सुर्खेत जिल्ला अदालतले ६३ दशमलव २ प्रतिशत मुद्दा फछ्र्योट गर्न सफल भएको उच्च अदालत सुर्खेतका निमित्त रजिष्ट्रार प्रेमप्रकाश थापाले जानकारी दिनुभयो ।

## राहदानीको अनलाइन फारम इन्ट्री स्थगित

बागमती । जिल्ला प्रशासन कार्यालय, मकवानपुरले जिल्लाबाट गरिने राहदानीको अनलाइन फारम इन्ट्री कार्य केही समयको लागि स्थगित गरेको छ ।

कार्यालयका तर्फबाट प्रशासकीय अधिकृत सन्तोष सुवेदीले मंगलबार सूचना जारी गर्दै राहदानी विभागबाट नयाँ प्रणालीमार्फत राहदानी जारी गर्ने प्रक्रिया सुरू भएको जानकारी दिनुभयो । नयाँ प्रणालीमार्फत राहदानी जारी गर्ने प्रक्रिया प्रारम्भिक चरणमा रहेको भन्दै प्रशासनले




प्राविधिक कठिनाइका कारण यस कार्यालयबाट अनलाइन फारम इन्ट्री गर्ने कार्य केही समयको लागि स्थगित गर्नुपर्ने भएको जनाएको हो । कार्यालयबाट अर्को सूचना जारी नभएसम्मको लागि वैकल्पिक व्यवस्था गर्नुहुन पनि प्रशासनले सबैमा आग्रह गरेको छ ।

## विगत दश वर्षमा सत्ता र शक्तिका लागि गलत अभ्यास भए : सभापति थापा

काठमाडौं । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले विगत १० वर्षमा सत्ता र शक्तिका लागि गलत अभ्यास भएको बताउनुभएको छ । कांग्रेस महामन्त्री गुरुराज घिमिरेका कृतिहरू 'बुद्ध, बिपी र आजका नेता र लिलिपुटका लघुमानव' पुस्तकको सार्वजनिकीकरण कार्यक्रममा उहाँले त्यो समयमा नेपालको राजनीतिकमा तानातान र सत्ता र शक्तिको लागि गलत ढङ्गको अभ्यास भएको दाबी गर्नुभयो ।

"त्यो दशकमा सत्ता र शक्ति प्राप्त गर्नका लागि जुनसुकै काम पनि तिलाञ्जली दिने काम भयो," उहाँले भन्नुभयो, "विगतको कालोदिनलाई बिर्सेर नयाँ बाटोबाट अघि बढ्नुपर्ने बेला आएको छ ।" सभापति थापाले नेपाली कांग्रेस जुन मूल्यमान्यता र सिद्धान्त अनुसार नै अघि बढ्ने बताउनुभयो ।

"कुनै बेला गणेशमानज्यूले लौरो लिएर सडकमा उत्रिँदा सबै काठमाडौंवासी जुरुक्क उठ्ने गर्नुहुन्थ्यो", उहाँले भन्नुभयो, "अहिले कांग्रेस समय सान्दर्भिक पार्टी भएकाले फेरि जुर्मुराउने आशासहित अघि बढ्नका लागि आह्वान गर्दछु ।"

कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले राजनीतिक प्रतिकूलतामा पुस्तक ल्याउने आँट गरेर लेखक घिमिरेले सह्रानीय कार्य गरेको बताउनुभयो । उहाँले बुद्ध र बिपी कोइरालाले त्याग गरेकाले सबैको मनमनमा बस्न सफल भएको बताउनुभयो ।

कांग्रेसका उपसभापति पुष्पा भुसालले बुद्ध र बिपीका दर्शनलाई व्यावहारिक जीवनमा उतार्नुपर्ने बताउनुभयो । कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बे राजनीतिमा विनम्रता र साहित्यमा अराजकतालाई समन्वय गरेर अघि बढेको खण्डमा सफल लेखक हुन सकिने बताउनुभयो । बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले साहित्यले मुलुक र जनतालाई जोड्नुपर्ने बताउनुभयो । राजनीतिक



विश्लेषक शङ्कर तिवारीले बुद्ध, बिपी र आजका नेता पुस्तकको समीक्षा गर्नुभएको थियो ।

पत्रकार राजकुमार बानियाँले 'लिलिपुटका लघु मानव' को विषयमा समीक्षा गर्नुभएको थियो । कांग्रेसका महामन्त्री गुरुराज घिमिरे प्रतिकूल अवस्थामा आफूले लेखन कार्यलाई निरन्तरता दिँदै आइरहेको बताउनुभयो ।

सम्पादकीय ....

## विपद्‌तर्फ ध्यान दिनुपर्छ

स्थानीय सरकार अग्रपङ्क्तिमा रही जोखिम न्यूनीकरण गर्ने र विपत् आइपरे त्यसको उद्धार र पुनर्स्थापनामा संलग्न छन् । हामीले विपद्‌को पूर्वसूचना दिई नागरिकलाई सजग गराउने प्रणालीको घनीभूत विकास भईरहेको अवस्था छ ।

यस विषयलाई स्कुल र कलेजको पाठ्यक्रममा समावेश गर्ने प्रणालीको विकास भएको छ । पालिकाले समुदाय र स्वयंसेवकलाई पूर्वअभ्यासको तालिम दिइरहेका छन् ।

नेपालमा बाढीपहिरो, चट्याङ, आगलागी, भूकम्प, हिमनदी र हिमतालको विस्फोटलगायतका विपत्को जोखिम बढिरहेको छ । विकास र बिनासबिच सन्तुलन कायम गर्नु आजको आवश्यकता हो । नेपालका विविध समस्यासँग जुध्न अन्य मुलुकले सहकार्यका लागि प्रतिबद्धता जनाएका छन् ।

सन् १९७१ मा संयुक्त राष्ट्रसङ्घबाट यससम्बन्धी प्रस्ताव पारित भएको पाइन्छ । सन् १९९० मा प्राकृतिक विपत् न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय दशक घोषणा गरिएको थियो । यसै गरी अक्टोबर १३ तारिखलाई विपत् न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय दिवस मनाउने घोषणा गरियो । सन् १९९४ मेमा जापानको योकोहामा प्राकृतिक विपत् न्यूनीकरणका लागि विश्व सम्मेलन भएको थियो । सन् २००५ जनवरीमा जापानको कोबेमा विश्व सम्मेलन भई ह्यागो फ्रेमवर्क फर एक्सन २००५-२०१५ पारित भएको थियो । जसमा नेपालले पनि प्रतिबद्धता जनाएको छ ।

यसलाई विश्वका १६८ देशले अनुमोदन गरेका छन् । यस अतिरिक्त दिगो विकास लक्ष्य २०१६-२०३० र जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौतामा हामीले व्यक्त गरेको प्रतिबद्धता र हाम्रो आवश्यकतासमेतका आधारमा विपत् जोखिम न्यूनीकरणलाई उच्च प्राथमिकतामा राख्न बिर्सनु हुँदैन । विपत्बाट सुरक्षित हुने तरिका आममानिसले जान्नै पर्छ । सामान्यत: सबैले झटपट झोला (गो ब्याग) को चाँजोपाँजो मिलाउनु पर्छ ।

आमबस्ती, टोल, समुदायमा एसेम्बर प्वाइन्ट तोक्नुका साथै इमर्जेन्सी सेल्टरको व्यवस्था गर्नु पर्छ । प्राथमिक उपचार र एम्बुलेन्ससेवाको व्यवस्थाका अतिरिक्त भूकम्प निरोधक घर निर्माणलाई अनिवार्य गर्नु पर्छ । नेपाल विश्वमै भूकम्पको ११ औं जोखिम राष्ट्रमा पर्छ । हामीले बाढीको पूर्वसूचना दिने प्रणाली स्थापना गर्नु पर्छ । पहिरोबाट बच्न संवेदनशील स्थलको पूर्वपहिचान गर्नु पर्छ ।

लापर्बाहीका कारण भइरहेको आगलागीका घटना न्यूनीकरण गर्नै पर्छ । चट्याङबाट सुरक्षित रहन अर्थिङको समुचित व्यवस्था गर्नु पर्छ । वनडढेलोबाट नयाँ घाँस पलाउँछ वा पराल बालेपछि राम्रो उब्जनी हुन्छ भन्ने जस्ता भ्रमपूर्ण सोचविरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्छ ।

तातो हावा, शीतलहर, हिमपात विस्फोट, प्रदूषण, सर्पदंश औद्योगिक विपत् र अन्य सम्भावित महामारीबाट जोगिइनु पर्छ ।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## ओझेलमा ऐतिहासिक पुस्तकालय




राजु विश्वकर्मा

बिहानको घाम पूर्णरूपमा नउदाउँदै जनकपुरधाम-४ स्थित पुरानो सार्वजनिक पुस्तकालयको ढोका खुल्छ । केहीबेरमै लोकसेवा, शिक्षक सेवा, बैंक, प्रहरी, विश्वविद्यालय तथा अन्य प्रतिस्पर्धात्मक परीक्षाको तयारी गरिरहेका युवायुवतीहरूको भीड लाग्न थाल्छ । सबैको हातमा किताब भए पनि सबैले बस्ने कुर्सी पाउँदैनन् । कतिपय पालो कुर्छन्, त्यतिकै कतिपय फर्किन्छन् ।

एकातिर अध्ययन गर्ने युवाको उत्साह बढ्दो छ, अर्कोतिर ज्ञानको प्यास मेटाउने ऐतिहासिक पुस्तकालय भने सरकारी उदासीनताले थलिँदै गएको छ । कुनै समय जनकपुरको बौद्धिक केन्द्रका रूपमा परिचित यो सार्वजनिक पुस्तकालय आज पनि अध्ययनप्रेमीहरूको पहिलो रोजाइ बनेको छ । शान्त वातावरण, पुस्तकहरूको सङ्ग्रह र एकाग्र भएर पढ्न मिल्ने परिवेशका कारण यहाँ दैनिक ठूलो सङ्ख्यामा अध्यनार्थी पुग्ने गरेका छन् । तर बढ्दो चापअनुसार न भवन विस्तार भएको छ, न अध्ययन कक्ष थपिएका छन्, न पर्याप्त कुर्सी टेबल नै ।

पुस्तकालयको प्रत्येक सिट भरिएपछि विद्यार्थीहरू भुइँमा बसेर पढ्ने, पालो कुर्ने वा निराश भएर फर्किने दृश्य सामान्य बन्दै गएको छ । "यहाँ पढ्नको वातावरण त उत्कृष्ट छ, तर बस्ने ठाउँ नपाउँदा समस्या हुन्छ", पुस्तकालयमा नियमित अध्ययनका लागि आइरहनुभएका विद्यार्थी शिरिष ठाकुर भन्नुहुन्छ, "दैनिक धेरै सङ्ख्यामा यहाँ विद्यार्थीहरु आउँछन् तर कुर्सी टेबुल पर्याप्त नहुँदा कोही पालो कुर्छन् त कतिपय भित्र भुईमै बसेर पढ्छन् । कतिपय विद्यार्थी भने बाहिरै चौरमा बसेर पनि पढ्ने गर्छन् ।" पुस्तकालयभित्र पङ्खा नहुँदा गर्मी मौसममा विद्यार्थी उकुसमुकुस गरेर पढ्नुपर्ने अवस्था रहेको उहाँको भनाइ छ ।

विसं २०१२ सालमा स्थापना भएको उक्त पुस्तकालयमा विद्यार्थीको चाप बढ्दै गए पनि पुस्तकालयमा शौचालय र खानेपानी अर्को ठूलो समस्याको रुपमा देखिएको विद्यार्थीहरु बताउँछन् ।

"पुस्तकालय परिसरमा शौचालय छैन, त्यसैले शौचालयका लागि कि त नजिकैको खुल्ला ठाउँमा शौच गर्नुपर्छ कि सार्वजनिक शौचालय नै पुग्नुपर्ने अवस्था छ", अर्का विद्यार्थी रोहित साह भन्नुहुन्छ,"खानेपानीको पनि अवस्था उस्तै छ, खानेपानीका लागि अन्यत्रै पुग्नुपर्ने बाध्यता छ ।" पानी परेको बेला त पुस्तकालयमा अझ बिजोग हुने गरेको उहाँ सुनाउनुहुन्छ ।

जनकपुरधामको पवित्र धार्मिक पोखरी गङ्गासागर र धनुषसागरको बीच भागमा रहेको यो पुस्तकालय प्राकृतिक रुपमा त्यति नै उपयुक्त रहे पनि पुस्तकालय बाहिरको वातावरणले थप समस्या बनाइरहेको छ ।

"पुस्तकालयभित्रको वातावरण अन्त्यै राम्रो छ तर पुस्तकालय बाहिर सर्वसाधारणहरुले खुल्ला रुपमा गर्ने दिसापिसाबका कारण पुस्तकालय दुर्गन्धित बनेको छ", अर्का विद्यार्थी पङ्कज साह भन्नुहुन्छ, "गङ्गासागर पोखरीको डिलमा आएर युवाहरुले गाँजा, चरेशलगायतका लागुऔषध प्रयोग गर्ने गरेकाले पनि समस्या भइरहेको छ ।" यसबारे स्थानीय प्रशासनलाई समेत जानकारी गराए पनि कुनै पहल नभएको उहाँको दुःखेसो छ ।

वर्षौँको इतिहास बोकेको यो पुस्तकालयमा दुर्लभ पुस्तकहरू सुरक्षित छन् तर भवनको जीर्ण अवस्था, सीमित बजेट, नयाँ पुस्तकको अभाव र आधुनिक सुविधाको कमीले यसको गौरव विस्तारै खुम्चिदै गएको छ ।

२००७ सालको क्रान्तिपछि जनकपुरमा राजनीतिक चेतना जगाउन र प्रजातान्त्रिक आन्दोलनको योजना बनाउन युवाहरूले २०१२ साल मासार्वजनिक पुस्तकालय स्थापना गरेका थिए ।

यसबीचमा नेताहरूले पुस्तकालयको इतिहास र योगदानको उचित मूल्यांकन नगर्दा यी संस्था लथालिङ अवस्थामा पुगेको हो ।

जनकपुरधामको सार्वजनिक पुस्तकालय कुनै सामान्य भवन होइन । दशकौंदेखि यो शहरको बौद्धिक चेतनाको केन्द्रका रूपमा परिचित छ । शिक्षक, साहित्यकार, अनुसन्धानकर्ता, कर्मचारी, विद्यार्थी र पुस्तकप्रेमीको साझा थलोका रूपमा यसले लामो समयदेखि सेवा दिँदै आएको जनकपुरधाम उपमहानगरपालिका-४ का सञ्जिव ठाकुर बताउनुहुन्छ । "धेरै पुस्तकालय नभएको बेला यो पुस्तकालय स्थापना भएको हो, यसको आफ्नो छुट्टै इतिहास छ", ठाकुर भन्नुहुन्छ, "यसले थुप्रै कर्मचारी, बुद्धिजीवी र श्रष्टा जन्मायो तर यसको अवस्था खासै सुधार हुन सकेन् ।" यो सरकारको नजरमा पर्न सकेन् र यो सरकारी उदासिनताको सिकार भएको उहाँको भनाइ छ ।

डिजिटल प्रविधिको विस्तारसँगै पुस्तक पढ्ने बानी घट्दै गएको चर्चा भइरहेका बेला पनि इन्टरनेट, ई-लाइब्रेरी र अनुसन्धानमैत्री सेवा विस्तार हुन नसकेको यो पुस्तकालयमा भने दैनिक विद्यार्थीको चहलपहल बढिरहेको छ । विशेषगरी प्रतिस्पर्धात्मक परीक्षाको तयारी गर्ने युवाहरूका लागि यो पुस्तकालय अझै पनि सबैभन्दा भरपर्दो अध्ययन केन्द्र बनेको छ । शान्त वातावरण, पुस्तकहरूको विविध सङ्ग्रह र ध्यान केन्द्रित गर्न सकिने परिवेशका कारण धेरै विद्यार्थीले घर वा निजी अध्ययन कक्षभन्दा पुस्तकालयलाई प्राथमिकता दिने गरेको पुस्तकालयमा कार्यरत कर्मचारी रञ्जिता ठाकुर बताउनुहुन्छ । "पुस्तकालयमा आउने विद्यार्थी दैनिक जसो बढ्दै छ, तर पुस्तकालयको भौतिक संरचना भने समयअनुसार विस्तार हुन सकेको छैन", ठाकुर भन्नुहुन्छ,"एउटै कोठामा पुस्तकालय छ, त्यहीभित्र विद्यार्थीहरु कोचाकोच गरेर पढ्नुपर्ने अवस्था छ ।" पुस्तकालयका भवन पुरानो भइसकेकोले बर्षायाम चुहिने गरेको ठाकुरको भनाइ छ ।

अध्ययन गर्ने संस्कृतिप्रति युवाहरूको आकर्षण बढ्दै गएको यही समयमा सार्वजनिक पुस्तकालयहरू भने संरक्षणको पर्खाइमा छन् । ज्ञानको मन्दिर मानिने यस्ता संस्थाले पर्याप्त सरकारी प्राथमिकता पाउन सकेका छैनन् । तीन वटै तहका सरकारको उपेक्षामा परेको पुस्तकालयलाई विभिन्न व्यक्ति र दाताहरुबाट चन्दा सङ्कलन गरी सञ्चालन गर्नुपर्ने बाध्यता रहेको पुस्तकालय व्यवस्थापन समितिका अध्यक्ष बलराम मण्डल बताउनुहुन्छ । "अहिले सम्म पुस्तकालयमा न त सङ्घीय सरकारकै आँखा पुग्न सकेको छ, न त प्रदेश सरकार वा स्थानीय सरकारले नै कुनै सहयोग गरेका छैनन्", अध्यक्ष मण्डल भन्नुहुन्छ," पुस्तकालयको समस्या सुनाउँदा पनि कुनै सरकारले सहयोग नगर्दा जेनतेन पुस्तकालय चलाइरहेका छौं ।"

"म आफैं पनि एउटा प्राकृतिक युग मसाज चिकित्सक हुँ", अध्यक्ष मण्डल भन्नुहुन्छ,"जनताको सेवा गरेर कमाएको पैसाबाट परिवार पनि चलाउँछु र पुस्तकालयलाई पनि सहयोग गर्दै आएको छु ।" आफ्नै पैसाबाट विद्यार्थीहरुको पढाइमा सहयोग होस् भन्ने उद्देश्यले रु. १५ हजारको लगानीमा पुस्तकालयमा इन्टरनेट वाइफाइ जडान गरेको उहाँ बताउनुहुन्छ । पुस्तकालयको चार कट्ठा दुई धुर जग्गा भए पनि बजेटको अभावका कारण घेरबार गर्न नसक्दा थप समस्या भइरहेको अध्यक्ष मण्डलको भनाइ छ ।

स्थानीय बुद्धिजीवी दिपेन्द्र तिवारीका अनुसार यो केवल एउटा भवन होइन, जनकपुरको बौद्धिक इतिहासको जीवित दस्तावेज हो । "जनकपुरधाममा यस्ता दुई/तीन वटा पुस्तकालयहरु छन् तर ती पुस्तकालमा खासै चहल पहल हुँदैन", तिवारी भन्नुहुन्छ," तर यो पुस्तकालयमा देखिएको विद्यार्थीहरुको आकर्षणले सकारात्मक सन्देश दिएको छ ।" समयानुकूल विद्युतीय तथा इन्टरनेटमा उपलब्ध हुने पुस्तक तथा ज्ञानगुनका कुरा सिक्ने उपकरण राखेर पुस्तकालयलाई आधुनिक ढङ्गबाट सञ्चालनमा ल्याउनुपर्ने धारणा उहाँको छ ।

समयमै संरक्षण, आधुनिकीकरण र पूर्वाधार विस्तार गर्नसके यो पुस्तकालय मधेश प्रदेशकै उत्कृष्ट सार्वजनिक अध्ययन केन्द्र बन्न सक्छ । तर बेवास्ता कायमै रहने हो भने यसको ऐतिहासिक पहिचान मात्र होइन, भावी पुस्ताले पाउनुपर्ने ज्ञानको धरोहर पनि सङ्कटमा पर्न सक्ने उहाँको चिन्ता छ । पुस्तकालयमा अध्ययन गर्ने युवाको भिडले एउटा सन्देश दिइरहेको छ, पुस्तक पढ्ने संस्कृतिको अभाव छैन, अभाव छ त त्यसलाई साथ दिने पूर्वाधार र सरकारी प्रतिबद्धताको । त्यसैले इतिहास बोकेको पुस्तकालयको अवस्थामा सुधार ल्याउन सरकारको ध्यान पुग्न जरुरी छ ।

**जनावरबाट सर्ने रोगविरुद्ध सावधानी अपनाऔं**

- **जनावरसँगको सम्पर्कमा सावधानी अपनाऔं,**
- **जनावर छोएपछि साबुनपानीले हात सफा गर्ने बानी बसालौं,**
- **पशुपन्छीको स्वास्थ्यमा नियमित ध्यान दिऔं,**
- **अस्वस्थ वा मरेका जनावरको सम्पर्कबाट टाढा रहौं,**
- **पशुजन्य खाद्य पदार्थ राम्ररी पकाएर मात्र खाने गरौं,**
- **पशुबाट मानिसमा सर्न सक्ने रोगबारे सचेत बनौं,**
- **जनावरमा असामान्य लक्षण देखिएमा सम्बन्धित निकायलाई जानकारी गराऔं ।**
- **जनावरको स्वास्थ्य, मानव स्वास्थ्यसँग जोडिएकोले सावधानी अपनाऔं ।**

नेपाल सरकार,
**विज्ञापन वोर्ड**

# थप छानबिनका लागि टेलिभिजनको स्याटेलाइट ब्याण्डविथ खरिद अध्ययन प्रतिवेदन प्रधानमन्त्री कार्यालय र अख्तियारमा

काठमाडौँ । सूचना तथा सञ्चार मन्त्रालयले नेपाल टेलिभिजनको स्याटेलाइट ब्याण्डविथ भाडा खरिदसम्बन्धी अध्ययन समितिले तयार पारेको प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाएको छ ।

मन्त्रालयले मङ्गलबार प्रतिवेदन दुवै निकायमा पठाउँदै आवश्यक अध्ययन, थप छानबिन तथा कानुन बमोजिम आवश्यक कारवाही प्रक्रिया अघि बढाउन अनुरोध गरेको हो। नेपाल टेलिभिजनले सन् २००२ देखि २०२२ सम्म खरिद तथा भाडा सम्झौता गरेका स्याटेलाइट ब्याण्डविथ बारे छानबिन गर्न गठित अध्ययन समितिले २०८३ साउन १ गते सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनासमक्ष प्रतिवेदन बुझाएको थियो । सो प्रतिवेदन थप प्रक्रियाका लागि प्रधानमन्त्री कार्यालय र अख्तियारमा पठाइएको हो । अध्ययन समितिले नेपाल टेलिभिजनले सन् २००२ देखि विदेशी सेवा प्रदायक कम्पनीहरूसँग गर्दै आएको स्याटेलाइट ब्याण्डविथ भाडा सम्झौता, त्यसका विभिन्न पूरक सम्झौता, च्यानल विस्तार, स्ट्यान्डर्ड डेफिनेसन (एसडी) बाट हाई डेफिनेसन (एचडी) मा स्तरोन्नति तथा उपकरण खरिदसम्बन्धी सम्पूर्ण प्रक्रियाको अध्ययन गरेको थियो । उक्त प्रतिवेदनले विभिन्न अवधिमा भएका खरिद तथा सम्झौतामा कानुनविपरीत कार्य, प्रक्रियागत कमजोरी, वित्तीय अनुशासन उल्लङ्घन तथा संस्थालाई आर्थिक हानि पुग्ने प्रकृतिका गम्भीर कैफियत फेला परेको निष्कर्ष निकालेको छ ।

मन्त्रालयले स्याटेलाइट ब्याण्डविथ खरिदसम्बन्धी विभिन्न निकायमा परेका उजुरी, महालेखापरीक्षकको कार्यालयका प्रतिवेदन तथा सार्वजनिक सरोकारका विषयलाई आधार बनाएर गत जेठ २१ गते अध्ययन समिति गठन गरेको थियो । समितिले बुझाएको प्रतिवेदनमा विभिन्न अवधिमा भएका खरिद प्रक्रियामा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को व्यवस्थाको उल्लङ्घन भएको उल्लेख गर्दै त्यसबाट करिब रु २० करोड ६१ लाख ७३ हजार ४६९ बराबरको हानी नोक्सानी पुगेको अध्ययन समितिको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदनअनुसार स्याटेलाइट ब्याण्डविथ खरिदका क्रममा प्रतिस्पर्धात्मक प्रक्रिया अवलम्बन नगरी पुरानै दररेटमा पटक–पटक सम्झौताको म्याद थपिएको, सेवा सुरु हुनुअघि नै भुक्तानी गरिएको, सेवा सञ्चालनपछि बढी रकमको बिल भुक्तानी गरिएको तथा लागत अनुमान अस्वाभाविक रूपमा बढाएर आवश्यकताभन्दा बढी ब्याण्डविथ खरिद गरिएको पाइएको छ । त्यसैगरी सन् २०१२ मा प्राविधिक रूपमा अयोग्य ठहरिएको बोलपत्रदातालाई नै सेवा खरिदका लागि छनोट गरिएको तथा प्रयोगमा रहेको स्याटेलाइटको आयु समाप्त हुन लाग्दा पनि सोही सेवा प्रदायकसँग थप ब्याण्डविथ खरिद गर्ने निर्णय गरिएको विषयलाई समेत समितिले गम्भीर कमजोरीका रूपमा औँल्याएको छ ।

अध्ययनले भुक्तानी प्रक्रियामा नेपाल सरकारको राजस्व खातामा जम्मा हुनुपर्ने कर तथा अन्य राजस्व दायित्वसमेत पूर्णरूपमा पालना नभएको उल्लेख गरेको छ । यसले वित्तीय अनुशासन, आन्तरिक नियन्त्रण प्रणाली तथा राजस्व व्यवस्थापनमा गम्भीर कमजोरी देखिएको समितिको निष्कर्ष छ ।

प्रतिवेदनमा सन् २०१२ को मूल सम्झौतादेखि त्यसपछिका पूरक सम्झौतासम्म संलग्न उच्च व्यवस्थापन र सञ्चालक समितिका पदाधिकारीले संस्थाको हितविपरीत निर्णय गरेको देखिएको उल्लेख गरिएको छ । उनीहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नेपाल टेलिभिजनलाई आर्थिक तथा संस्थागत हानि पुग्ने गरी निर्णय गरेको भन्दै सम्बन्धित व्यक्तिमाथि कानुन बमोजिम आवश्यक कारबाही प्रक्रिया अघि बढाउन सिफारिस गरिएको छ । नेपाल टेलिभिजनको सञ्चालक समितिको निर्णय प्रक्रियामा देखिएको कमजोरीका कारण सन् २०२२ जुन ६ मा नेपाल टेलिभिजनका सबै च्यानल करिब आधा घण्टा प्रसारण अवरुद्ध भएको घटनालाई पनि प्रतिवेदनमा समेटेको छ । सञ्चालक समितिका पदाधिकारीलाई संस्थाभित्रका उच्च व्यवस्थापनबाट यथार्थपरक सूचना उपलब्ध नगराइएको तथा मन्त्रालय र नेपाल टेलिभिजनका प्राविधिक कर्मचारीले आफ्नो विज्ञता र जिम्मेवारीअनुसार प्रभावकारी भूमिका निर्वाह नगरेको उल्लेख गरिएको छ। लागत अनुमान तयार गर्ने क्रममा देखिएको लापरवाही तथा अस्वाभाविक निर्णयका कारण संस्थामा अनावश्यक आर्थिक भार परेको निष्कर्ष प्रतिवेदनमा समावेश गरिएको छ ।

नेपाल टेलिभिजनले आफ्ना च्यानल भू–उपग्रहमार्फत प्रसारण गर्न सन् २००२ देखि विदेशी स्याटेलाइट ब्याण्डविथ सेवा प्रदायक कम्पनीसँग निरन्तर रूपमा भाडा सम्झौता गर्दै आएको छ ।

यस अवधिमा च्यानल विस्तार, प्रसारण प्रविधिको स्तरोन्नति, पूरक सम्झौता तथा उपकरण खरिदसम्बन्धी निर्णयहरूमा पटक–पटक प्रश्न उठ्दै आएका थिए । अध्ययन समितिले प्रतिस्पर्धाविनाको खरिद, प्रक्रियागत अनियमितता, वित्तीय अनुशासन उल्लङ्घन, अनावश्यक आर्थिक भार तथा स्वार्थको द्वन्द्वजस्ता विषय देखिएको निष्कर्ष निकाल्दै सम्बन्धित व्यक्तिमाथि प्रचलित कानुन अनुसार आवश्यक कारबाही गर्न सरकारलाई सिफारिस गरेको छ । अब उक्त प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पुगेसँगै त्यसका आधारमा थप अध्ययन, छानबिन तथा कानुनी प्रक्रिया अघि बढ्ने अपेक्षा गरिएको छ ।

# कानुन तर्जुमा दिग्दर्शन सार्वजनिक

काठमाडौँ । नेपाल कानुन आयोगले 'कानुन तर्जुमा दिग्दर्शन' सार्वजनिक गरेको छ । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमले मंगलबार दिग्दर्शन सार्वजनिक गर्नुभयो । उहाँले दिग्दर्शन कानुन तर्जुमा गर्दा कानुनको भाषा, संरचना, विषयवस्तु समेटिएकाले कानुनको सरोकार राख्नेलाई उपयोगी भएको बताउनुभयो ।

"दिग्दर्शनले नेपालमा गुणस्तरीय, प्रभावकारी तथा जनताका समस्या समाधान गर्ने कानुन निर्माणको संस्कृतिलाई थप सुदृढ बनाउनेछ", उहाँले भन्नुभयो, "कानुन निर्माण प्रक्रियामा एकरूपता कायम गर्न, कानुनी भाषालाई सरल, स्पष्ट र बोधगम्य बनाउन तथा संविधान र प्रचलित कानुनसँग सामञ्जस्य कायम गरी गुणस्तरीय कानुन निर्माणमा यस दिग्दर्शनले महत्त्वपूर्ण योगदान पुर्‍याउने अपेक्षा गरेको छु ।"

साथै, सङ्घ, प्रदेश तथा स्थानीय तहमा निर्माण हुने कानुनको गुणस्तर अभिवृद्धि गर्नसमेत दिग्दर्शनको प्रकाशन उपयोगी हुने विश्वास व्यक्त गर्दै उहाँले कानुन आयोगबाट परिमार्जनसहित तयार पारिएको अत्यन्तै महत्त्वपूर्ण र समय सान्दर्भिक कार्य भएको बताउनुभयो ।

मन्त्री गौतमले दिग्दर्शनले कानुन तर्जुमा प्रक्रियामा संलग्न सङ्घ, प्रदेश तथा स्थानीय तह, मन्त्रालय, विभाग, संवैधानिक निकाय तथा सो कार्यमा संलग्न जनशक्ति, कानुन व्यवसायी, अनुसन्धानकर्ता तथा विद्यार्थीलगायतलाई कानुन तर्जुमाका सिद्धान्त, विधि, प्रक्रिया तथा असल अभ्यासबारे मार्गदर्शन प्रदान गर्ने विश्वास व्यक्त गर्नुभयो ।

"नेपालको संविधानले परिकल्पना गरेको लोकतान्त्रिक शासन व्यवस्था, विधिको शासन, मानवअधिकार संरक्षण तथा सुशासन प्रवर्द्धनका लागि गुणस्तरीय कानुन निर्माण अपरिहार्य छ", मन्त्री गौतमले भन्नुभयो, "संविधान तथा राज्यका नीतिहरूको प्रभावकारी कार्यान्वयनबाट नागरिक हक अधिकारको सुनिश्चितताका लागि स्पष्ट, सुसङ्गत, तर्कसङ्गत, कार्यान्वयनयोग्य र समयानुकूल कानुनको तर्जुमा हुन आवश्यक हुन्छ ।" मन्त्रालयका सचिव पाराश्वर ढुङ्गानाले राज्य र सरकारको नीति तथा कानुनमा रुपान्तरण हुने प्रक्रिया भई नै रहने हुनाले दिग्दर्शन तीनै तहको सरकारका लागि कानुन निर्माणमा उपयोगी हुने बताउनुभयो ।

नेपाल कानुन आयोगका सचिव इन्दिरा दाहाल (भट्टराई) ले दिग्दर्शनले कानुन निर्माण गर्दा एकरुपता र गुणस्तरीयता कायम गर्नुका साथै संविधान, कानुन, अन्तरराष्ट्रिय अभ्यास, अदालतबाट प्रतिपादित सिद्धान्त समेटिएको हुनाले उपयोगी हुने बताउनुभयो ।

# अत्यावश्यक औषधि उत्पादनको समझदारी

काठमाडौँ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय र नेपाल औषधि लिमिटेडबीच स्वदेशी औषधि उत्पादनलाई सुदृढ बनाउने उद्देश्यका साथ समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

समझदारीअनुसार आगामी दुई वर्षभित्र नेपाल औषधि लिमिटेडबाट ३६ प्रकारका अत्यावश्यक औषधि उत्पादन गर्ने लक्ष्य राखिएको छ । हाल नेपाल औषधि लिमिटेडले ११ प्रकारका अत्यावश्यक औषधि उत्पादन गरिरहेको छ ।

नयाँ योजनाअन्तर्गत उच्च रक्तचाप, मधुमेहलगायत दीर्घरोगका औषधि उत्पादन गरिनेछ। यसका लागि आवश्यक अनुसन्धान तथा विकास, गुणस्तर परीक्षण, उत्पादन अनुमति तथा प्राविधिक तयारीलाई तीव्रता दिइने मन्त्रालयले जनाएको छ । समझदारीअनुसार उक्त कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट व्यवस्थापन गरिने तथा सरकारी स्वास्थ्य संस्थामा आवश्यक अत्यावश्यक औषधिको आपूर्तिमा स्वदेशी उत्पादनलाई प्राथमिकता दिइनेछ ।

आवश्यक औषधिको खरिद स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय र नेपाल औषधि लिमिटेडबीच संस्थागत र नियमित प्रणालीमार्फत हुने व्यवस्था गरिनेछ। यसबाट सरकारी खरिद प्रक्रिया थप प्रभावकारी बन्नुका साथै नेपाल औषधि लिमिटेडबाट उत्पादित औषधिको सुनिश्चित उपयोग र बजार विस्तारमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

# हायर कमाण्ड तथा म्यानेजमेन्ट तालिम सम्पन्न

काठमाडौँ । नेपाली सैनिक वार कलेजमा गत चैत १५ गतेबाट सञ्चालन भएको सिसं १४ 'हायर कमाण्ड' तथा 'म्यानेजमेन्ट' तालिम सम्पन्न भएको छ ।

सो तालिमको मंगलबार आयोजित एक कार्यक्रमका बीच प्रधान सेनापति अशोकराज सिग्देलले समापन गर्नुभएको नेपाली सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

महासेनानी दर्जाका ३५ जना शिक्षार्थीको सहभागिता रहेको तालिमको समापनमा प्रमुख शिक्षक उपरथी मधुकरसिंह कार्कीले तालिमका बारेमा जानकारी गराउनुभएको थियो । महासेनानी प्रशान्त बज्राचार्य उक्त तालिमका सहभागीहरुमध्ये प्रथम (बेस्ट स्टुडेन्ट अफिसर) चयन हुनुभएको थियो भने सर्वोत्कृष्ट शोधपत्र पुरस्कार महासेनानी प्रकाश थापालाई प्रदान गरिएको थियो । समापन समारोहमा पूर्व प्रधानसेनापतिहरू, रथीवृन्द, अधिकृत लगायत शिक्षार्थी अधिकृतहरूका परिवारजनको उपस्थिति रहेको थियो । सैनिक अधिकृतहरूका लागि नेपाली सेनामा सञ्चालन हुने सबैभन्दा उच्चस्तरको यस तालिमको उद्देश्य शिक्षार्थीहरूलाई भूराजीति र अर्थराजनीतिक आयामहरु, राजनीतिक दर्शन, कूटनीति र विश्व संरचना, प्रतिरक्षा प्रणाली र नेतृत्व, राज्य सञ्चालन कौशल र यसका आयामहरु जस्ता विषयमा ज्ञान प्रदान गर्नु रहेको थियो ।

नेपाली सेनामा विसं २०७१ देखि सञ्चालन हुँदै आएको यस तालिमबाट हालसम्म जम्मा ४१० जना अधिकृत दीक्षित भएका सो निर्देशनालयले जनाएको छ ।

# गैँडा मार्ने उद्देश्यले निकुञ्ज छिरेको आशंकामा पक्राउ

चितवन । मंगलबार चितवन राष्ट्रिय निकुञ्जबाट दुई जना व्यक्ति पक्राउ परेका छन् ।

विश्वमा दुर्लभ, एकसिङ्गे गैँडा मार्ने उद्देश्यले निकुञ्ज छिरेको आशङ्कामा प्रहरीले खड्गनारायण चौधरी र टेकबहादुर मगरलाई पक्राउ गरेको हो ।

नवलपरासीको (बर्दघाट–सुस्तापूर्व) मध्यविन्दु नगरपालिका–१ सेतीपानीका ६८ वर्षीय खड्गनारायण चौधरी र चितवनको इच्छाकामना गाउँपालिका–५ फुर्केडाँडाका ५२ वर्षीय टेकबहादुर मगरलाई मंगलबार सार्वजनिक गरिएको हो ।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अबिनास थापामगरले दुवैलाई नवलपरासी (बर्दघाट–सुस्तापूर्व) को मध्यविन्दु नगरपालिका–३ ब्रह्मस्थानघाटबाट पक्राउ गरिएको जानकारी दिनुभयो ।

उनीहरुको साथबाट कार्तोस भनिने बन्दुक एक थान र सोमा लाग्ने गोलीगठ्ठा बरामद गरिएको छ। पक्राउ परेका चौधरीको घर खानतलासी गर्दा बाघको दाँतजस्तो देखिने आखेटोपहार सात थान, माउजर भनिने बन्दुक एक थान, गोलीगठ्ठा र भारतीय ५०० का नोट १३६ थान बरामद गरिएको थापामगरले जानकारी दिनुभयो ।

पक्राउ परेका दुवैलाई संरक्षित वन्यजन्तु एकसिङ्गे गैँडा मार्ने उद्योग र संरक्षित वन्यजन्तुको आखेटोपहार खरिद बिक्री मुद्दामा अनुसन्धान सुरु गरिएको निकुञ्जले जानकारी दिएको छ ।

दुवैलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ (५घ) र दफा २६ (१) बमोजिम सजायको माग गर्दै नवलपुर जिल्ला अदालतमा अभियोग दर्ता गरिएको छ ।

# तेह्र स्थानीय तहले ल्याएनन् चालु आवको बजेट

काठमाडौँ । तेह्र स्थानीय तहले हालसम्म चालु आर्थिक वर्षको बजेट सार्वजनिक गर्न नसकेको पाइएको छ। कूल ७५३ स्थानीय तहमध्ये ७४० ले बजेट सार्वजनिक गरी कार्यान्वयनको प्रक्रिया सुरु गरिसकेका छन् ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पोर्टलमा सम्बन्धित स्थानीय तहले प्रविष्ट गरेको विवरणका आधारमा मधेश प्रदेशका १० स्थानीय तहले हालसम्म बजेट प्रस्तुत गर्न सकेका छैनन् । सिराहाको सुखीपुर नगरपालिका, औरही गाउँपालिका, धनुषाको कमला नगरपालिका, रौतहटको गरुडा नगरपालिका, कटहरीया नगरपालिका, फतुवा विजयपुर नगरपालिका, मौलापुर नगरपालिका र यमुनामाई गाउँपालिकाले चालु आवको बजेट प्रस्तुत गरेका छैनन् । पर्साको छिपहरमाई गाउँपालिका र पकाहा मैनपुर गाउँपालिकाले विभिन्न कारणले बजेट सार्वजनिक गर्न सकेका छैनन् । कोशी प्रदेशको धरान उपमहानगर पालिका, लुम्बिनी प्रदेशको रुपन्देही कोटहीमाई गाउँपालिका, कपलिवस्तुको शुद्धोधन गाउँपालिकाले बजेट ल्याएका छैनन् । कोशी प्रदेशमा १३७ स्थानीय तहमध्ये १३६ स्थानीय तहले बजेट ल्याएका छन् । वाग्मती प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका सबै स्थानीय तहले गत असार भित्रै बजेट सार्वजनिक गरी कार्यान्वयनको प्रक्रिया सुरु गरिसकेका छन् । संविधानअनुसार हरेक वर्षको जेठ १५ गते सङ्घीय सरकारको, असार १ गते प्रदेश सरकार र असार महिनाभर स्थानीय तहको बजेट सार्वजनिक हुने गरेको छ । स्थानीय तहमा उत्पन्न राजनीतिक विवाद, प्राविधिक समस्या लगायत कारणले ती स्थानीय तहले बजेट सार्वजनिक गर्न नसकेको बताइएको छ ।

विपद्को समयमा कार्यालय नछाड्न निर्देशन

यसैबीच, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विपद्को समयमा कार्यालयमा अनिवार्य उपस्थिति भई सेवा प्रवाह गर्न जिल्ला समन्वय अधिकारी र प्रमुख प्रशासकीय अधिकृतलाई परिपत्र गरेको छ ।

मन्त्रालयले विपद्को संवेदनशील समयावधीभर आफ्नो कार्यालय नछाड्न तथा कार्यालयमा नियमति रुपमा उपस्थित भई आवश्यक समन्वय, सहजीकरण र निर्णय प्रक्रियामा सक्रिय रहन निर्देशन दिएको छ । देशका विभिन्न स्थानमा अविरल वर्षा, बाढी पहिरोलगायतका विपद्जन्य घटनाको जोखिम तथा प्रभावलाई दृष्टिगत गरी विपद व्यवस्थापन, उद्धार, राहत, समन्वय तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन मन्त्रालयले आग्रह गरेको छ । कुनै प्रकारको बिदामा रहेको भए उक्त बिदा छोट्याइ यथाशीघ्र सम्बन्धित कार्यालयमा उपस्थित भई आफ्नो जिम्मेवारी सम्हाल्न भनिएको छ ।

विपद्सँग सम्बन्धित सूचना, उद्धार तथा राहत कार्य, क्षतिको विवरण तथा अन्य आवश्यक समन्वय कार्यमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय, प्रदेश तथा सङ्घीय निकायसँग निरन्तर सम्पर्क र समन्वय कायम गर्न मन्त्रालयले आग्रह गरेको छ ।

कुनै विशेष कारणवस कार्यालय छाड्नुपर्ने अवस्था सिर्जना भएका सम्बन्धित निकायको पूर्वस्वीकृति लिइ जिम्मेवारीको उचित व्यवस्थापन गरेर मात्र कार्यालय छाड्न मन्त्रालयले पत्राचार गरेको छ ।

## ललितपुर महानगरपालिकामा एआई कलिङ सेवा सुरु

काठमाडौँ । ललितपुर महानगरपालिका–३ मा २४ सै घण्टा एआई कलिङ सेवा सुरु गरेको छ । वडा कार्यालयले मंगलबार यहाँ पत्रकार सम्मेलन गरी सो सेवा सुचारू बारेमा जानकारी दिएको हो ।

वडाध्यक्ष श्रीगोपाल महर्जनले 'तपाईंको समस्या मेरो समाधान' भन्ने नाराका साथ सुरु गरिएको एआई कलिङमार्फत वडा कार्यालयभित्रका सबै सेवाका बारेमा जानकारी दिनुका साथै वडाभित्रका समस्या समाधानका लागि दर्ता गर्ने काम सफल हुने जानकारी दिनुभयो । "वडाले दिने सेवाका बारेमा एआई कलिङ सेवामार्फत २४ घण्टा नै सेवा सुचारु गरेका छौँ, कलिङमार्फत गुनासो दर्तासमेत गर्न सकिन्छ, जनप्रतिनिधि र कर्मचारीसँग वडावासीले भेट्न नसकेको अवस्थामा एआईमार्फत समस्या समाधानका लागि सहजीकरण हुन्छ । कुनै पनि सेवाका लागि दुःख पाउनुपर्दैन", उहाँले भन्नुभयो । ब्लु ओभल इन्टरनेशनलका प्रतिनिधि एवं प्रविधि सेवा डेभलपर प्रदीप श्रेष्ठले नागरिक र स्थानीय सरकारबीचको समन्वयलाई सहज बनाउन यो सेवा सुरुआतले राम्रो अभ्यास भएको भन्दै एक महिनाको तयारीमा यो प्रविधिको विकास गरिएको जानकारी दिनुभयो ।

एआई कलिङमार्फत हाल नेपाली भाषामा वडावासीलाई चाहिने सम्पूर्ण सूचना दिने र अनलाइनमार्फत आवाज र अक्षरमा गुनासो दर्ता गर्ने काम सम्भव हुनेछ । मल्टिपल एलएलएममा चल्ने यो प्रविधिमा विस्तारै अरु भाषाहरू समेत थप्दै जाने वडा अध्यक्ष महर्जनले जानकारी दिनुभयो ।

## झापामा ७७ प्रतिशत धान रोपाइँ सम्पन्न

भद्रपुर (झापा) । नेपालको प्रमुख धान उत्पादन जिल्लामध्ये एक झापामा हालसम्म ७७ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ । कृषि ज्ञान केन्द्र झापाका अनुसार साउन ४ गतेसम्म जिल्लामा कूल ७७ प्रतिशत क्षेत्रफलमा धान रोपाइँ सकिएको हो ।

कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टका अनुसार गत वर्षको यही अवधिको तुलनामा यसवर्ष करिब ११ प्रतिशत बढी क्षेत्रमा धान रोपाइँ भएको बताइएको छ ।

सुरुमा पर्याप्त वर्षा नहुँदा रोपाइँ प्रभावित भए पनि असारको दोस्रो सातादेखि निरन्तर वर्षा भएपछि किसान धमाधम रोपाइँमा जुटेका छन् । "सुरुमा वर्षा नहुँदा रोपाइँ केही ढिलो भएको थियो । असारको दोस्रो सातादेखि निरन्तर वर्षा भएपछि अहिले जिल्लाभरि तीव्र रूपमा रोपाइँ भइरहेको छ । गतवर्षको तुलनामा यसवर्ष करिब ११ प्रतिशत बढी क्षेत्रमा रोपाइँ सम्पन्न भएको छ", प्रमुख विष्टले बताउनुभयो ।

उहाँका अनुसार हाल जिल्लाको गौरीगञ्ज क्षेत्रमा रोपाइँ तीव्र गतिमा भइरहेको छ । साउनको अन्त्यसम्म जिल्लाका अधिकांश खेतमा धान रोपाइँ सम्पन्न हुनेछ ।

झापामा प्रत्येक वर्ष करिब ७५ हजार ४५९ हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

## काठमाडौँ उपत्यकामा ट्राफिक दुर्घटना १९ प्रतिशतले घट्यो

काठमाडौँ । काठमाडौँ उपत्यकामा १९ प्रतिशतले दुर्घटनामा कमी आएको छ । काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले उपलब्ध गराएको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/८१ मा आठ हजार ८८१ सडक दुर्घटना भएकामा आव २०८१/८२ मा सात हजार १६९ र आव २०८२/८३ मा पाँच हजार ८०३ रहेको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी उपरिक्षक तथा सूचना अधिकारी नरेशराज सुवेदीले दुर्घटना न्यूनीकरणमा नेपाल प्रहरी, ट्राफिक प्रहरी तथा अन्य सरोकारवाला निकायले अपनाएको सतर्कता, प्रभावकारी ट्राफिक व्यवस्थापन र जिम्मेवारीपूर्ण कार्यसम्पादन को सकारात्मक प्रभाव परेको बताउनुभयो ।

"दुर्घटना हुनु आफैँमा दुखद् हो तर सडक नियमको पालाना आफ्नै सुरक्षाको लागि हो भन्ने महसुस सबै सडक प्रयोग कर्ताहरूले गर्नुभयो भने नतिजा सकारात्मक नै आउँछ । त्यसैले ट्राफिक नियमको पालानाप्रति सबै नागरिक जिम्मेवार बन्नुपर्दछ", उहाँले भन्नुभयो । उहाँका अनुसार वर्षभरिका दुर्घटनाको तथ्याङ्क विश्लेषण गर्दा सबैभन्दा धेरै दुर्घटना गत शुक्रबार भएको देखिएको छ ।

"शुक्रबार एक हजार १०३ वटा दुर्घटना भएका छन् । त्यसैगरी सबैभन्दा कम दुर्घटना बुधबार भएको छ, जहाँ ६४५ वटा दुर्घटना भएका छन्", सुवेदीले भन्नुभयो । ट्राफिक प्रहरीले सडक सुरक्षामा सुधार ल्याउन चालक र पैदलयात्री दुवैले ट्राफिक नियमको पूर्णपालना गर्नुपर्नेमा जोड दिएको छ ।

## नयाँ राजनीतिक समीकरण बन्न सक्ने सम्भावना : संयोजक दाहाल

जनकपुरधाम । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पछिल्लो समय वामपन्थी शक्तिबीच सहकार्यको वातावरण बनेको बताउनुभएको छ ।

जनकपुरधाम विमानस्थलमा मंगलबार साँझ सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्नुहुँदै संयोजक दाहालले आफ्नो पार्टी र नेकपा (एमाले)सँग सहकार्यको प्रक्रिया औपचारिक रूपमा अघि बढेको उल्लेख गर्नुभयो । तीन दलबीचको समभ्रmदारी अझै अन्तिम निष्कर्षमा नपुगेको बताउनुहुँदै संयोजक दाहालले प्रदेश सरकारको सत्ता साझेदारीका विषयमा नेपाली कांग्रेससँग पनि छलफल भइरहेको बताउनुभयो ।

नेकपाको मधेस प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रममा सहभागी हुन जनकपुरधाम आउनुभएका संयोजक दाहालले पार्टीको प्रशिक्षण र सङ्गठन सुदृढीकरणलाई प्राथमिकताका साथ अघि बढाइने उल्लेख गर्नुभयो । नेकपाको मधेस प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रमलाई बुधबार साउन ६ गते पार्टीका संयोजक दाहाल, सहसंयोजक माधवकुमार नेपाल र वरिष्ठ नेता नारायणकाजी श्रेष्ठले सम्बोधन गर्ने कार्यक्रम रहेको छ ।

## सिर्सिया नदीमा दुर्गन्धित फोहर फ्याक्ने छ उद्योगलाई जरिवाना

काठमाडौँ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत उद्योग विभागले सिर्सिया नदीमा फोहर फ्याक्ने छ वटा उद्योगलाई प्रत्येकलाई १० लाखको दरले जरिवाना गरेको छ । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवको अगुवाईमा सिर्सिया नदी दुर्गन्धित गर्ने उद्योग तथा कलकारखानालाई प्रदूषण नियन्त्रण गर्नका एक महिनाको समय सीमा दिइएको थियो ।

एक महिनाको अवधिमा उद्योग कलकारखानाबाट निस्कने फोहरमैला तथा प्रदूषण नियन्त्रण नगरेको भन्दै उद्योग विभागले १२ वटा उद्योगलाई कारबाही प्रक्रिया अघि बढाएको छ ।

उद्योग विभागका महानिर्देशक जितेन्द्र बस्नेतले छ वटा उद्योग १० लाखका दरले जरिवाना गरेको बताउनु भयो । उहाँका अनुसार जगदम्बा स्टिल इन्डस्ट्रिज लिमिटेड, बारा, हुलास स्टिल इन्डस्ट्रिज प्रालि बारा, शिवशक्ति घिउ उद्योग प्रालि, बारा, सुशील वनस्पति प्रालि, पर्सा, अन्नपूर्ण भेजिटेबल प्रोडक्ट्स, बारा र अशोक स्टिल इन्डष्ट्रिज प्रालि बारालाई १० लाखको दरले जरिवाना गरिएको छ ।

उद्योग विभागले मधेस प्रदेश सरकार मातहत पर्ने छ वटा उद्योग तथा कलकारखानालाई आवश्यक कारबाही गर्नका लागि सिफारिस गरेको जनाएको छ । यसअघि वातावरण विभागको प्राविधिकसहितको अनुगमन टोलीले बारा र पर्साका २१ उद्योगको स्थलगत निरीक्षण गरी फोहर पानीको नमूना सङ्कलन गरेको थियो । नमूना सङ्कलन गरेकामध्ये १२ वटा उद्योग कलकारखानाबाट निस्कने पानी प्रदूषित भेटिएपछि कारवाही प्रक्रिया अघि बढाइएको हो ।

सिर्सिया नदी वीरगञ्ज–पथलैया औद्योगिक करिडोरका उद्योगबाट वर्षौंदेखि रसायनयुक्त फोहर पानी मिसिँदै आएपछि अत्यधिक प्रदूषित हुँदै आइरहेको छ ।

मन्त्री यादवले उद्योगबाट निस्कने फोहरमैलाले नदीलाई प्रदूषित गराएको खण्डमा आवश्यक निरीक्षण गरेर जरिवाना गर्नका लागि निर्देशन दिनुभएको छ ।

## लैंगिक हिंसा र समानता विषयक प्रदेशस्तरीय सम्मेलन

विराटनगर । कोशी प्रदेशमा लैङ्गिक हिंसा र समानता तथा सामाजिक समावेशीकरणको अवस्थाबारे मंगलबारदेखि विराटनगरमा प्रदेशस्तरीय सम्मेलन सुरु भएको छ ।

सामाजिक विकासमन्त्री रामप्रसाद महतोले सम्मेलनको उद्घाटन गर्दै प्रदेश सरकारले लैङ्गिक हिंसा विरुद्ध विभिन्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिरहेको बताउनुभयो । उहाँले किशोरीहरुको सशक्तीकरण, अपाङ्गता लक्षित कार्यक्रम प्रदेशका सबै स्थानीय तहमा सञ्चालन भइरहेको पनि बताउनुभयो ।

मन्त्रालयका सचिव उद्धव रिजालले लैङ्गिक हिंसा निवारणका लागि सबै स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोष स्थापना गरी रु एक/एक लाख बजेट चालु आर्थिक वर्षदेखि उपलब्ध गराइएको बताउनुभयो ।

कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको आयोजनामा १३७ वटै स्थानीय तहका महिला तथा बालबालिका शाखा प्रमुखहरुको सहभागितामा दुई दिनसम्म सञ्चालन हुने सम्मेलनमा कोशी प्रदेशमा लैङ्गिक हिंसा ( जीबीभी) र लैङ्गिक समानता र सामाजिक समावेशीकरण (जेसी) को अवस्था, विश्लेषण र समीक्षा हुने मन्त्रालयकी सहायक सचिव दुर्गा भण्डारी बरालले जानकारी दिनुभयो । सम्मेलनमा सबै स्थानीय तहका महिला तथा बालबालिका शाखा प्रमुखहरुले पालिकागत रुपमा समूहगत प्रस्तुति रहनेछ ।

## धर्नामा बसेकी विनु र महिलामन्त्री वादीबीच भेटवार्ता

काठमाडौँ । सिंहदरबारको मूल प्रवेशद्वारमा धर्नामा बस्नु भएकी विनु यादवसँग महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता वादीले भेटवार्ता गर्नुभएको छ ।

मन्त्रालयमा मंगलबार भेट–वार्तामा यादवले आफूले उठाउँदै आएका माग, न्याय प्राप्तिसम्बन्धी सरोकार, स्वास्थ्य उपचार, जीविकोपार्जन तथा आफ्ना मुद्दासँग सम्बन्धित विषयहरू मन्त्रीसमक्ष राख्नुभएको थियो । उहाँले सम्बन्धित निकायबाट निष्पक्ष, प्रभावकारी तथा कानुन बमोजिम आवश्यक प्रक्रियाअघि बढाइ दिन आग्रह गर्नुभएको मन्त्री वादीको सचिवालयले जनाएको छ ।

जवाफमा मन्त्री वादीले यादवका माग तथा सरोकारप्रति मन्त्रालय गम्भीर र संवेदनशील रहेको उल्लेख गर्दै मन्त्रालयको कार्य क्षेत्रभित्र पर्ने विषयमा आवश्यक पहल, समन्वय तथा सहजीकरण गरिने विश्वास दिलाउनुभएको थियो । उहाँले सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी कानुन बमोजिम विषयलाई उचित ढङ्गबाट अघि बढाउन मन्त्रालयले आफ्नो भूमिका प्रभावकारी रूपमा निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभयो । भेटवार्ताका क्रममा यादवको स्वास्थ्य अवस्थाको विस्तृत परीक्षण, आवश्यक स्वास्थ्य उपचार तथा रोजगारी एवं जीविकोपार्जनका लागि आवश्यक सहयोग उपलब्ध गराउने विषयमा छलफल भएको थियो । मन्त्री वादीले नागरिकका गुनासा तथा सरोकारप्रति सरकार सदैव संवेदनशील रहेको उल्लेख गर्नुभयो ।

## कास्कीमा बिहानै देखि राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा

गण्डकी । जिल्ला प्रशासन कार्यालय, कास्कीले सेवाग्राहीको चाप बढेपछि राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा बिहान आठ बजेदेखि नै सुरु गर्ने भएको छ ।

बुधबारदेखि लागु हुने गरी उक्त सेवा प्रवाहका लागि समय थप गरिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो । सेवाग्राहीले सार्वजनिक बिदाका दिनबाहेक हरेक बिहान आठ बजेदेखि नै राष्ट्रिय परिचयपत्रसम्बन्धी प्राप्त गर्ने उहाँले बताउनुभयो ।

राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा प्रदान गर्न प्रयोग हुने 'सफ्टवेयर अपग्रेड' हुने क्रममा रहेकाले उक्त सेवा सुस्त हुने र कहिले अवरुद्धसमेत हुने समस्या देखिँदै आएको कार्यालयले जनाएको छ । जसका कारण समयमा सेवा प्रवाह हुन नसकी कार्यालयमा सेवाग्राहीको चाप बढ्दै गएको हो ।

कार्यालयले मङ्गलबार सार्वजनिक सूचनामार्फत विगतमा तस्बिर खिचाएर बायोमेट्रिक दिनुभएका सेवाग्राहीलाई राष्ट्रिय परिचय आएकोबारे मोबाइलमा सन्देश आएपछि मात्र कार्यालयमा आउन आग्रह गरेको छ । राष्ट्रिय परिचयपत्र वितरणका लागि कार्यालयले जारी गर्ने आधिकारिक सूचना हेरेर मात्र कार्यालयमा आउन सेवाग्राहीलाई अनुरोध गरिएको हो ।

## एक वर्षमा ९९ जलविद्युत् आयोजनालाई सर्वेक्षण अनुमति

काठमाडौँ । विद्युत् विकास विभागले आर्थिक वर्ष २०८२/८३ मा जलविद्युत्तर्फ ९९ वटा आयोजनालाई सर्वेक्षण अनुमतिपत्र जारी गरेको छ । ती आयोजनाको कूल क्षमता तीन हजार २११ मेगावाट बराबर छ । सौर्य ऊर्जातर्फ सात वटा आयोजना छन् । ती आयोजनाको क्षमता ३११ मेगावाट छ ।

यस्तै, प्रसारण लाइनतर्फ २२० केभी क्षमताको १७९ सर्किट किलोमिटर, १३२ केभी क्षमताको २७० सर्किट किलोमिटर बराबरको आयोजनालाई सर्वेक्षण अनुमतिपत्र प्रदान गरिएको छ । यसैगरी, ३३ केभी क्षमताको १३२ सर्किट किलोमिटर बराबरको आयोजनालाई सर्वेक्षण अनुमतिपत्र दिइएको छ । उत्पादन अनुमतिपत्र पाएका २९ आयोजना छन् । ती आयोजनाको क्षमता एक हजार ८५७ मेगावाट बराबर छ । सौर्य ऊर्जातर्फ तीन आयोजनाले उत्पादन अनुमतिपत्र प्राप्त गरेको छ । ती आयोजनाको क्षमता ३१ मेगावाट छ ।

विभागले वार्षिक रुपमा करिब रु तीन अर्ब ५० करोड बराबरको रोयल्टी सङ्कलन गर्ने गरेको छ । प्राप्त भएको रोयल्टी रकम प्रदेश तथा स्थानीय तहमा बाँडफाँट हुने गरेको छ । त्यसबाट प्रदेश र स्थानीय तहको आर्थिक उन्नयन र विकासमा महत्वपूर्ण योगदान पुगेको विभागले जनाएको छ ।

विभागले हालसम्म जारी गरेको उत्पादन अनुमतिपत्रमध्ये जलविद्युत्तर्फ २६४ आयोजना छन् । ती आयोजनाको कूल क्षमता १२ हजार ३३६ मेगावाट छ । सौर्य ऊर्जातर्फ कूल १० आयोजना छन् । ती आयोजनाको कूल क्षमता ७४ दशमलव ६ मेगावाट छ ।

प्रसारण लाइनतर्फ ४०० केभी क्षमताका एक हजार ९७ सर्किट किलोमिटर निर्माणका लागि अनुमति दिइएको छ । यस्तै, २२० केभी क्षमताका ६५६ सर्किट किलोमिटर, १३२ केभी क्षमताका एक हजार ६०८ सर्किट किलोमिटर निर्माणका लागि अनुमति दिइएको छ । त्यस्तै, ३३ केभी क्षमताको ३३७ सर्किट किलोमिटर बराबरको आयोजनाले अनुमति प्राप्त गरेको छ ।

## पशुपति क्षेत्रमा सुरु गरियो गंगामाई रथयात्रा

काठमाडौँ । पशुपति क्षेत्रमा प्रत्येक वर्ष आषाढ शुक्ल सप्तमी अर्थात् अचला सप्तमीका दिन गरिने गङ्गामाई रथयात्रा सुरु भएको छ ।

पशुपति क्षेत्रमा जलकी अधिष्ठात्री देवी गङ्गामाईको दिव्य रथयात्रा गर्ने परम्परा छ । पशुपतिनाथ मन्दिर तथा पाशुपत क्षेत्रमा जलकी अधिष्ठात्री देवी गङ्गाको दिव्य रथ यात्रा तथा विशेष अर्चना उपासना गरेपछि पानी पर्ने एवं खडेरी नहुने विश्वास गरिन्छ ।

यो जात्रामा राज्यबाट हर्ष बढाइँका लागि गुरुज्युको पल्टनले सलामी समेत प्रदान गर्ने परम्परा छ । गङ्गामाई जात्राको प्रतीकका रुपमा यसलाई अहिले पनि पशुपति क्षेत्र विकास कोषले निरन्तरता दिँदै आएको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्धारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा–३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०–५२१४३०, ०१०–५१०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com